# विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका(संशोधित), २०७१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं ।
२०७१

# विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका(संशोधित), २०७१

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं ।
२०७१

मुद्रणः व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग, , टेकू, काठमाडौं
फोन नं. ०१ ४२५७७६५ फ्याक्सः नं.

# विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका(संशोधित), २०७१

नागरिक राहत,क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि (प्रथम संशोधन) २०७१ को दफा १३ मा रहेको विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता उपलव्ध गराउन नेपाल सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत एक छुट्टै कोष स्थापना गर्न सक्ने उल्लेख भएको हुँदा कोष गठन तथा संचालन गर्न वान्छनीय भएकोले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो निर्देशिका वनाई लागू गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम ”विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका (संशोधन सहित)२०७१  रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “अस्पताल” भन्नाले यस निर्देशिकाको दफा ४ मा उल्लेख भएका अस्पतालहरु र समय समयमा नेपाल सरकार (सचिवस्तर) को निर्णयबाट तोकेका अस्पतालहरु सम्झनु पर्छ ।

(ख) “कडारोग“ भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी र ♦सिकलसेल एनिमिया रोगहरु सम्झनु पर्छ ।

(ग) “कोष” भन्नाले यस निर्देशिका वमोजिम विपन्न नागरिकलाई कडा रोगको उपचारका लागि सेवा प्रदान गर्न गठन भएको “विपन्न नागरिक औषधि उपचार कोष“ सम्झनु पर्छ ।

(घ) “निर्देशिका” भन्नाले ”विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७१“ सम्झनु पर्छ ।

(ङ) “विपन्न विरामी नागरिक” भन्नाले दफा ३.३ मा गठित समितिले सिफारिस गरेको विपन्न विरामी नागरिक सम्झनु पर्छ ।

(च) ”मन्त्रालय“ भन्नाले स्वास्थ्य तथा जनसख्या मन्त्रालय वुझ्नु पर्छ ।

(छ) “सिफारिस समिति” भन्नाले आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार उपलव्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न दफा ३.३ मा गठित सिफारिस समिति सम्झनु पर्छ

(ज) ”सम्पर्क केन्द्र“ भन्नाले दफा ६ वमोजिमको केन्द्र सम्झनु पर्छ ।

(झ) “समिति” भन्नाले सिफारिस समितिको सिफारिस उपर छानविन गरि उपचार खर्च उपलव्ध गराउने सन्दर्भमा रकम निर्धारण एवम् निर्णयका लागि गठित समिति सम्झनु पर्छ ।

(ञ) ”विभाग“ भन्नाले स्वास्थ्य सेवा विभाग, टेकूलाई सम्झनु पर्छ ।

---

♦ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२२ को बैठकको निर्णयानुसार सिकलसेल एनिमिया भएका विरामी भन्ने शव्दहरु थप भएको ।

(ट) “शोधभर्ना रकम” भन्नाले तोकेका अस्पतालहरुले उपचार सेवा प्रदान गर्दा लागेको रकम स्वास्थ्य सेवा विभाग समक्ष शोधभर्नाको लागि मागेको रकम सम्झनु पर्छ ।

## ३. विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता

विपन्न विरामीहरुलाई देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछः

### ३.१ मृगौलाका सम्बन्धमा

३.१.(क) स्वदेशमा मृगौला प्रत्यारोपण गर्ने भएमा अस्पताल मार्फत रु २ लाख छुट,

३.१(ख) हेमोडायलासिस २०८ सेसन निःशुल्क ,

३.१(ग) पेरिटोनियल डायलासिस २ वर्ष सम्म निःशुल्क ।

३.१ (घ) मेडिकल वोर्डको सिफारिशमा विदेशमा गई मृगौला प्रत्यारोपण गरेमा रु २ लाख र प्रत्यारोपण पश्चात औषधि सेवनका लागि रु १ लाख सम्बन्धित विरामीबाट विलभपाई लिई नगदै उपलब्ध गराइनेछ ।

३.२ मुटु, क्यान्सर, हेड इन्जुरी, स्पाइनल इन्जुरी र सिललसेल एनिमिया रोगका सम्बन्धमा

माथी उल्लेख गरिएका रोगको स्वदेशमा उपचार भएमा अस्पताल मार्फत रु १ लाख वरावरको औषधि उपचार सेवा निःशुल्क । विदेशमा उपचार गर्नुपर्ने भएमा रु १ लाख उपचार पश्चात सम्बन्धित विरामीलाई विलभर्पाइ लिई नगदै भुक्तानी दिईनेछ तर विदेश गई उपचार गर्नुपर्ने भएमा मेडिकल बोर्डको सिफारिश अनिवार्य हुनुपर्नेछ ।

३.३. अल्जाइमर्स र पार्किन्सनसको विरामीहरुको उपचारका लागि विलभपाई लिई रु १ लाख सम्म नगद भुक्तानी दिइनेछ ।

३.१. आर्थिक रुपले विपन्न नागरिकलाई दफा २ (ख) मा उल्लेख भए अनुसारका रोग लागि नेपाल वा विदेशमा गई उपचार गराउंदा वढीमा १(एक) लाख रुपैयासम्म औषधि उपचार खर्च प्रदान गर्न सकिनेछ । यस अघि यसै प्रयोजनको उपचार सेवा प्राप्त गरिसकेका तर सो औषधोपचार वापतको आर्थिक सहायता प्राप्त गरि नसकेको हकमा आवश्यक कागजात पेश गरेको अवस्थामा समितिको निर्णय वमोजिम रु. १ एक) लाख सम्म औषधि उपचार वापत आर्थिक सहायता प्रदान गर्न सकिने छ । नेपालमा उपचार सेवा सम्भव भएको अवस्थामा नेपालमा नै उपचार गराउनु पर्नेछ र यसो गर्दा सम्भव भएसम्म सरकारी अस्पतालमा उपचार गर्नु पर्नेछ यदि सो सम्भव नभएमा मात्र सरकारी अस्पतालले प्रेषण गरेको तथा मेडिकल वोर्डको सिफारिसमा निजी अस्पतालमा उपचार गराउन सक्नेछ । विदेशमा गई उपचार गराउन पर्ने अवस्था भए स्वदेशमा उपचार गर्ने सरह आवश्यक कागजातका साथै नेपाल मेडिकल वोर्डको सिफारिस अनिवार्य हुनेछ ।[1]विदेशबाट उपचार गराएमा अस्पतालहरुको विल अनुसार मृगौला प्रत्यारोपण भएमा रु. २ (दुई) लाख र तोकिएका अन्य रोगको उपचारको हकमा रु १(एक) लाखमा नबढने गरी दफा ३.४

---

[1] नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२२ को बैठकको निर्णयानुसार विदेशबाट उपचार गराएमा अस्पतालहरुको विल अनुसार मृगौला प्रत्यारोपण भएमा रु. २ (दुई) लाख र तोकिएका अन्य रोगको उपचारको हकमा रु १(एक) लाखमा नबढने गरी दफा ३.४ बमोजिमको समितिको निर्णय वमोजिम सोधभर्ना दिन सक्ने छ भन्ने शव्दहरु थप भएको ।

बमोजिमको समितिको निर्णय वमोजिम सोधभर्ना दिन सक्ने छ। कडारोगको विवरण अनुसूची- १ मा दिईएको छ।

३.२. नेपालमा उपचार गराउंदा सामुदायिक वा सरकारी अस्पतालमा उपचार गराइएको विलको आधारमा मात्र सम्वन्धित अस्पतालको नाममा सोझै यस्तो रकम शोधभर्ना दिईनेछ। उपचार गर्ने गराउने व्यक्तिलाई सोझै नगद भुक्तानी दिईने छैन। निजी अस्पताल/नर्सिङ्ग होमहरुले समेत विपन्न नागरिकहरुको हकमा सामुदायिक वा सरकारी अस्पतालहरु सरह उपचार सेवा शुल्क लिनु पर्नेछ। यस्तो उपचार खर्चको शोधभर्ना दिन कुनै वाधा हुने छैन। सम्वन्धित अस्पतालले विल प्रमाणित गरी पठाउनु पर्नेछ।

३.३. आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार खर्च उपलव्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न जिल्लास्तरमा देहायको सिफारिस समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | जि.वि.स.का सभापति वा निज नभएको अवस्थामा प्रमुखि जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) | स्थानीय विकास अधिकारी | -सदस्य |
| (ग) | जिल्ला/अंचल अस्पतालका चिकित्सक | -सदस्य |
| (घ) | कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख | -सदस्य |
| (ङ) | जिल्ला प्रशासन कार्यालयका अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (च) | स्थानीय शान्ति समितिका संयोजक वा नीजले तोकेको समितिको सदस्य | -सदस्य |
| (छ) | स्थानीय शान्ति समितिका महिला सदस्य | -सदस्य |
| (ज) | जिल्ला जनस्वास्थ्य/जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख | -सदस्य सचिव |

३.४ उप-दफा ३(१) वमोजिमको आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा उपदफा ३(३) वमोजिमको सिफारिश समितिको सिफारिशको आधारमा उपचार खर्च उपलव्ध गराउने सम्वन्धमा रकम निर्धारण गरी निर्णय गर्न देहाय वमोजिम एक समिति रहनेछ। यस समितिको वैठक कम्तीमा महिनाको एक पटक वस्नेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ग) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| (घ) | अध्यक्ष, नेपाल मेडिकल वोर्ड | - सदस्य |
| (ङ) | प्रमुख, चिकित्सा सेवा महाशाखा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| (च) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | - सदस्य |
| (छ) | निर्देशक, व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग | - सदस्य सचिव |

३.५ उप-दफा ३.१ वमोजिम आर्थिक रुपले विपन्न व्यक्तिलाई दिईने औषधि उपचार खर्चका लागि नेपाल सरकारले स्वास्थ्य सेवा विभाग अन्तरगत रहने विपन्न नागरिक औषधि उपचार कोषमा कोष स्थापना एव संचालन गर्न वार्षिक ५ करोड रकम अनुदान स्वरुप उपलव्ध गराउनेछ। आवश्यकता अनुसार थप रकम विनियोजित गर्नुपर्नेछ। यो कोषमा न्यूनतम २ (दुई) करोड मौज्दात रहनेछ। यसको व्यवस्थापन उप-दफा ३.४ वमोजिमको समितिले गर्नेछ।

३.६ माथि ३.४ अनुसारको समितिले उपचार रकम निर्धारण गर्दा आवश्यकतानुसार विशेषज्ञहरुको राय लिन सक्नेछ। अनुसूची-१ मा उल्लेखित रोगहरुको अवस्था (Stage) निर्धारण गरी सोको संवेदनशिलताको आधारमा आर्थिक सहायता निर्धारण गर्नुपर्नेछ।

३.७ यस निर्देशिका अनुसारका सम्पूर्ण काम कारवाहीका लागि स्वास्थ्य सेवा विभाग अन्तरगत व्यवस्थापन महाशाखामा एक ईकाई रहनेछ र सोको लागि आवश्यक जनशक्ति स्वास्थ्य सेवा विभागले गर्नु पर्नेछ ।

## ४. तोकिएका अस्पतालहरुः

(१) विपन्न नागरिकले औषधि उपचार सेवा सुविधा पाउने अस्पतालहरु देहाय वमोजिम हुनेछन्

**(क) क्यान्सर रोगको उपचारको लागि -**

१) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल,काठमाण्डौ
२) त्रि.वि.शिक्षण अस्पताल, महाराजगंज,काठमाडौं
३) वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर,चितवन ।
४) भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर
५) परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौं
६) वी.पि.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी
७) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर
८) कान्तिवाल अस्पताल, महाराजगंज,काठमाण्डौ
९) निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं
१०) क्यान्सर केयर नेपाल, जावलाखेल,ललितपुर तथा

मन्त्रालयको छनौटमा पर्ने अन्य निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरु ।

**(ख) मृगौला रोगको उपचारको लागि :**

१) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल, काठमाण्डौ,
२) त्रि.वि.शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं
३) वी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी
४) कान्तिवाल अस्पताल,महाराजगंज, काठमाडौं
५) नारायणि उप क्षेत्रीय अस्पताल,वीरगंज,पर्सा
६) कोशी अंचल अस्पताल, विराटनगर, मोरङ
७) जनकपुर अंचल अस्पताल, धनुषा
८) मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुर
९) राष्ट्रिय मृगौला उपचार केन्द्र, बनस्थली, काठमाडौं
१०) नेपालगंज मेडिकल कलेज, कोहलपुर, बाँके
११) नेपाल मेडिकल कलेज जोरपाटी, काठमाडौं
१२) युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, पक्लिहवा, रुपन्देही
१३) चितवन मेडिकल कलेज, चितवन
१४) कलेज अफ मेडिकल साइन्सेस, चितवन
१५) मणिपाल मेडिकल कलेज, पोखरा, कास्की
१६) वि एण्ड वि अस्पताल, ग्वार्को, ललितपुर,
१७) नेशनल डायलासिस सेन्टर, एकान्तकुना, ललितपुर
१८) गोल्डेन अस्पताल, विराटनगर, मोरङ
१९) धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोक
२०) गण्डकी मेडिकल कलेज, पोखरा, कास्की

२१) आरोग्य स्वास्थ्य प्रतिष्ठान, ललितपुर,

२२) विराट अस्पताल, विराटनगर, मोरङ

२३) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

२४) पश्चिमाञ्चल क्षेत्रिय अस्पताल पोखरा

यो रोगको उपचार सुविधा भएका क्षेत्रीय, उपक्षेत्रीय र अन्चल अस्पतालहरु तथा मन्त्रालयको छनौटमा पर्ने नीजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरु ।

**(ग) मुटुरोगको उपचारको लागि :**

१) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल, काठमाण्डौ,

२) त्रि.वि.शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं

३) शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, वाँसवारी,काठमाडौं

४) वि.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (BPKIHS) धरान,सुनसरी

५) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर

६) मनमोहन कार्डियो भास्कुलर थोरासिक एण्ड ट्रान्सप्लाण्ट केन्द्र, महाराजगंज,काठमाडौं

७) कान्तिवाल अस्पताल, महाराजगंज, काठमाडौं

८) निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं

९) यो रोगको उपचार सुविधा भएका क्षेत्रीय, उपक्षेत्रीय, अन्चल अस्पतालहरु तथा मन्त्रालयको छनौटमा पर्ने निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरु ।

**(घ) पार्किन्सस तथा अल्जाईमर्स रोग उपचारको लागिः**

१) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल, काठमाडौं

२) त्रि.वि शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं

३) वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान,सुनसरी

४) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर ।

**(ङ) स्पाईनल ईन्जुरी तथा हेड ईन्जुरी रोग उपचारको लागिः**

१) चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल,काठमाडौं

२) त्रि.वि शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं

३) वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी

४) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल, ललितपुर ।

**(च)♦सिकलसेल एनिमिया रोग उपचारको लागिः**

१) निजामति कर्मचारी अस्पताल, मिनभवन,काठमाडौं

२) उप क्षेत्रीय अस्पताल, घोराही, दाङ

३) महाकाली अंचल अस्पताल, महेन्द्रनगर,कंचनपुर

४) सेती अंचल अस्पताल,धनगढी, कैलाली

५) भेरी अंचल अस्पताल, नेपालगंज, बाँके

६) लुम्बिनि अंचल अस्पताल, वुटवल, रुपन्देही

---

♦ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२२ को बैठकको निर्णयानुसार सिकलसेल एनिमिया रोग भएका विरामी भन्ने शव्दहरु थप भएको ।

७) जिल्ला अस्पताल कपिलवस्तु,
८) जिल्ला अस्पताल बर्दिया,
९) जिल्ला अस्पताल नवलपरासी ।

(२) उपदफा (१) वमोजिम औषधि उपचार प्रदान गर्ने अस्पतालहरुको न्यूनतम आधार तय गरी नेपाल सरकारको निर्णयबाट सूचीकृत गर्न तथा थप गर्न सकिने छ । यो निर्देशिका एवम् मन्त्रालयको निर्देशन अनुरुप काम नगरेमा त्यस्ता अस्पतालहरुलाई सूचीबाट हटाउन सकिनेछ ।

## ५. विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने :-

१) साल वसाली रुपमा मन्त्रालयलाई प्राप्त हुने यस सम्वन्धी वजेटको आधारमा अस्पतालहरु मार्फत उपचार सम्वन्धी सेवाको व्यवस्था मिलाईनेछ ।

२) दफा (२) वमोजिमको उपचार सेवा वापत एक जना विरामीको उपचार गर्दा लागेको रकम मध्ये बढीमा १(एक) लाख रुपैया सम्मको रकम विभागले सम्बन्धित अस्पताललाई शोधभर्ना गर्नेछ ।

३) तोकिएको रकम सम्मको परिधिमा रही उपचारको क्रममा आवश्यक पर्ने औषधि समेत अस्पतालले उपलव्ध गराउनु पर्नेछ, विरामीलाई खरिद गर्न लगाउन पाईनेछैन ।

४)विरामी डिस्चार्ज हुंदा तोकिएको रकम मध्ये के कति रकम वरावर उपचार सेवा प्रदान गरिएको हो सो वारे डिस्चार्ज लेटरमा उल्लेख गरेको हुनु पर्नेछ र सोही अनुसार लेखा राख्नु पर्नेछ ।

५) विरामी वा विरामीको कुरुवालाई प्रत्येक विलमा दस्तखत गराई अस्पतालबाट प्रमाणित गरिएको हुनु पर्नेछ ,अन्यथा भएमा उक्त विलको रकम कटाई सोधभर्ना दिईनेछ ।

६) विभागको व्यवस्थापन महाशाखा र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरुबाट परीक्षण भएपछि मात्र खर्च भएको रकम सोधभर्ना हुनेछ ।

७) उप-दफा (३) वमोजिमको रकम वापतको भुक्तानी विभागले सोधभर्नाको रुपमा एकमुष्ट वा पटक पटक गरी सम्वन्धित अस्पताललाई उपलव्ध गराउन सक्नेछ ।

८)विरामी अस्पतालमा भर्ना भएकै अवस्थामा सम्वन्धित जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयको सिफारिश माग गरेको र सिफारिस प्राप्त गर्न ढिला भएको अवस्थामा डिस्चार्ज हुने दिनसम्म सिफारिश ल्याएमा सम्वन्धित अस्पतालले सम्वन्धित विरामीलाई तोकिएको रकम वरावर उपचार सेवा दिनु पर्नेछ । तोकिए भन्दा वढी रकम खर्च भएको भए सम्वन्धित विरामीबाट लिनु पर्नेछ । विरामीले सिफारिश माग गरेको जानकारी अस्पताल सम्पर्क केन्द्रलाई पूर्व जानकारी दिनु पर्नेछ ।

## ६. अस्पतालमा सम्पर्क केन्द्र खडा गर्नु पर्ने :

१. यस निर्देशिका वमोजिम विपन्न नागरिकलाई माथि दफा ४ मा तोकिएका रोगहरुको उपचारमा सेवा प्रदान गर्ने सम्वन्धमा प्रभावकारी व्यवस्थापनको लागि अस्पतालले छुट्टै सम्पर्क केन्द्र खडा गर्नु पर्नेछ ।

२. उपदफा (१) वमोजिम खडा हुने सम्पर्क केन्द्रमा पर्याप्त जनशक्ति र प्रविधिको व्यवस्था गर्ने गराउने जिम्मेवारी अस्पताल प्रमुखको रहनेछ । यस निर्देशिका वमोजिम अस्पतालले प्राप्त गर्ने रकमको वढीमा १ (एक) प्रतिशत रकम सम्पर्क केन्द्र व्यवस्थापनको लागि खर्च गर्न सक्नेछ ।

३. उपदफा (१) वमोजिम खडा गरिएको सम्पर्क केन्द्रको साईन वोर्ड सवैले देख्ने गरी सम्वन्धित अस्पतालमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

## ७. विपन्न नागरिकले उपचार सेवा लिने तरिका :

१) विपन्न विरामीले दफा ३ को उप-दफा ३.३ मा व्यवस्था भए वमोजिम स्थायी वसोवास भएको जिल्लाबाट समितिको सिफारिस सहित सम्वन्धित अस्पतालको सम्पर्क केन्द्रमा सम्पर्क राख्नु पर्नेछ ।

२) उपचार सेवाका लागि सिफारिस गर्दा दफा ३ को उप दफा ३.१ वमोजिम तोकिएका रोगका विपन्न नागरिकलाई मात्र गर्नु पर्नेछ । तोकिएका रोग वाहेक अन्य रोगका लागि गरिएका सिफारिस मान्य हुनेछैन ।

३) दफा ४ (१) मा तोकिएका रोगहरुको हकमा एक पटक भन्दा वढी सिफारिस लिन/दिन पाईने छैन । यस्तो सिफारिसको अभिलेख सम्वन्धित जिल्लाको जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयले स्पष्ट रुपमा राखि तोकिएको मासिक प्रतिवेदन विभागमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । एकै व्यक्तिलाई फरक रोगका लागि यो सुविधा दोहोरिने गरी उपलब्ध हुने छैन ।

४)उपदफा (२) वमोजिम सिफारिस गर्दा अनुसूची (३) वमोजिमको ढाँचामा सिफारिस गर्नु पर्नेछ । जिल्ला स्तरीय सिफारिस नभै यो सुविधा उपलव्ध गराईने छैन ।

५) उप दफा (१) वमोजिमको समितिले सिफारिस गर्दा यस प्रयोजनका लागि तोकिएका अस्पतालहरु मध्ये विरामीको माग वमोजिम सम्वन्धित अस्पतालमा सिधै सिफारिस गरी पठाउनु पर्नेछ र यस्तो सिफारिसलाई सम्वन्धित अस्पतालले अनिवार्य रुपमा ग्रहण गर्नुपर्नेछ । यसका लागि विभागमा सिफारिस गर्न आवश्यक पर्ने छैन तर अनिवार्य रुपमा विभागमा जानकारी दिनु पर्नेछ । कुनै कारणवस सिफारिस गरिएको अस्पताल परिवर्तन गर्नु पर्ने भएमा विभागबाट परिवर्तन गर्न सकिनेछ । विभागले परिवर्तन गरेमा सम्वन्धित जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालयलाई पनि जानकारी गराउनु पर्नेछ ।

## ८. जिल्ला जनस्वास्थ्य /स्वास्थ्य कार्यालयको काम, कर्तव्य तथा अधिकारः-

१. विपन्न नागरिकले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्नु पर्नेछ ।

२. तोकिएको समय भित्र “सिफारिस समिति” बाट निर्णय गराउनु पर्नेछ । सम्वन्धित अस्पतालबाट उपचारका लागि सिफारिस गर्न कुनै पत्र आवश्यक पर्नेछैन ।

३. सिफारिस समितिको निर्णय विरामी वा विरामीको नजिकको हकदारले मन्त्रालयले तोकेको अस्पतालहरु मध्ये जुनसुकै माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउनु पर्ने छ ।

४.सामान्यतयाः निवेदन परेको वढीमा ३ (तीन) दिन भित्र सिफारिस गर्नु पर्नेछ । कारणवश ढिला भएमा सिफारिस पत्रमा निवेदन दिएको मिति समेत उल्लेख गर्नु पर्नेछ ।

५.मासिक रुपमा उपचारका लागि सिफारिस गरी पठाईएका विरामीहरुको विवरण अनुसूची-४ (क) र ४ (ख) अनुसार तोकिएका प्रत्येक अस्पतालमा पठाउनु पर्नेछ ।

६. सिफारिस गर्दा पुरानो विवरण केलाई दोहोरो नपर्ने गरि मात्र सिफारिश गर्नुपर्नेछ ।

७. सिफारिश गरिएका मध्ये के कति विरामीले उपचार सेवा लिएको हो सोको विवरण मासिक रुपमा प्राप्त गर्नु पर्नेछ ।

## ९. अस्पताल सम्पर्क केन्द्र प्रमुखको काम, कर्तव्य तथा अधिकारः-

दफा ६ वमोजिम सम्वन्धित अस्पतालमा खडा गरिएको सम्पर्क केन्द्र प्रमुखको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ ।

(क) दफा ६ वमोजिम सम्पर्कमा आएका विपन्न विरामीको अभिलेख राख्नु पर्नेछ । दोहोरो सिफारिस भई आएमा सेवा प्रवाह नगर्ने र सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(ख) खण्ड (क) वमोजिमका विरामीलाइ सम्वन्धित चिकित्सक समक्ष प्रेषण गर्नुपर्नेछ ।

(ग) उपचारका क्रममा विरामीलाई चिकित्सकको सल्लाह वमोजिम औषधि उपलव्ध गराउनु पर्नेछ ।

(घ) दफा ४ वमोजिमको रकमको सीमा भित्र रही एकजना विरामीलाई उपचार सेवा एक पटक प्रदान गर्न सकिनेछ । एक अस्पतालबाट उपचार सेवा पाई सकेकालाई अर्को अस्पतालबाट समेत दोहोरिने गरी सेवा प्रदान गरिने छैन ।

(ङ) विपन्न विरामीले औषधि उपचार सेवा लिएको अस्पतालबाट अन्य विपन्न सेवा उपलव्ध हुने अस्पतालमा थप उपचारको लागि जानुपर्ने भएमा दफा ५ को उप दफा ३ बमोजिम बाँकी रकम बराबरको उपचार सुविधा पाउन सक्नेछन् । यसको लागि विभागमा सम्बन्धित अस्पतालबाट उपचार सुविधा पाएको रकम र प्रेषण पूर्जा समेत प्रमाणित गरी पठाउनु पर्नेछ ।

(च) तोकिएको रकम भन्दा वढी रकम एक विरामीको लागि खर्च नहुने गरी स्पष्ट अभिलेखको व्यवस्था मिलाउनु पर्नेछ ।

(छ) खण्ड (ग) वमोजिम औषधि उपलव्ध गराएको अभिलेख अद्यावधिक गरि राख्नु पर्नेछ ।

(ज) विपन्न नागरिक उपचार सेवा वापत सम्वन्धित विरामीलाई नगदै भुक्तानी दिन पाईने छैन ।

(झ) अस्पतालले चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटीमा सार्वजनिक गर्नुपर्नेछ ।

(ञ) अस्पताल प्रमुखले 'विपन्न विरामीको उपचारको सम्वन्धमा' समय समयमा मन्त्रालयले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

(ट) अनुसूची-५(क), ५(ख) र ५(ग) मासिक/चौमासिक/वार्षिक विवरण अध्यावधिक राख्नु पर्नेछ । उक्त विवरण विभागमा नियमित रुपमा पठाउनु पर्नेछ । विवरण साथ जिल्लाबाट सिफारिस गरिएको पत्रको प्रति समेत संलग्न हुनु पर्नेछ ।

## १०. मृगौला रोगीको उपचार सम्वन्धमाः-

(क) हेमोडाईलाईसीस वा पेरिटोनियल डाईलाईसिस गराउनु पर्ने दफा ३.३ वमोजिमको समितिले सिफारिस गरेका मृगौला रोगीहरुलाई वढीमा ©२ (दुई) वर्ष सम्म मात्र तोकिएका अस्पताल/केन्द्रहरुबाट उक्त सेवा निःशुल्क प्रदान गरिनेछ । सो अवधिमा हेमोडाईलाईसीस वा पेरिटोनियल डाईलाईसिस गराउनु पर्ने मृगौला रोगीहरु स्वयंले प्रत्यारोपणको व्यवस्था गर्नु पर्ने छ ।

(ख) मृगौला प्रत्यारोपण गर्नुपर्ने विरामीलाई मृगौला प्रत्यारोपण गर्दा लाग्ने खर्च मध्ये रु. २,००,०००। (दुईलाख मात्र) स्वास्थ्य तथा जनसख्या मन्त्रालय मार्फत मृगौंला प्रत्यारोपण गरेको प्रमाण र आवश्यक विल भरपाई प्राप्त भएपछि दफा ३.१ वमोजिमको समितिको सिफारिस सम्वन्धित अस्पताल/केन्द्रमा पठाईने छ । सो अस्पतालले मृगौंला प्रत्यारोपण गर्नु पर्ने विरामीलाई रु.२,००,०००। (दुईलाख मात्र) को छुट प्रदान गर्नुपर्ने छ ।

---

© नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२२ को बैठकको निर्णयानुसार २(दुई) वर्ष भन्ने शव्द थप भएको ।

♦विदेशबाट उपचार गराएमा अस्पतालहरुको विल अनुसार मृगौला प्रत्यारोपण भएमा रु. २ (दुई) लाख र तोकिएका अन्य रोगको उपचारको हकमा रु १(एक) लाखमा नबढने गरी दफा ३.४ बमोजिमको समितिको निर्णय वमोजिम सोधभर्ना दिन सकिने छ ।

(ग) मृगौला प्रत्यारोपण पश्चात औषधि सेवन गर्नुपर्ने विरामीलाई एक पटक वा पटक पटक गरी वढीमा रु. १ (एक) लाख मात्र औषधि वापतको उपचार खर्च विलको आधारमा दफा ३.४ वमोजिमको रकम निर्धारण गरि निर्णय गर्न गठित समितिको सिफारिसमा सम्वन्धित विरामीलाई प्रदान गरिनेछ ।

## ११. विरामीको विमा रकम सम्वन्धमाः-

औषधि उपचार सेवा प्राप्त गर्ने विरामीहरुको स्वास्थ्य विमा वापतको रकम प्राप्त गर्ने अवस्था रहेमा वास्तविक उपचार खर्चमा विमाबाट प्राप्त हुने रकम कटाई बाँकी खर्चको विल मात्र यस निर्देशिका वमोजिम प्राप्त गर्ने औषधि उपचार खर्चको लागि गणना गरिनेछ ।

## १२. कोषको व्यवस्थाः देहाय वमोजिम प्राप्त रकम यस कोषमा रहनेछ ।

(क) नेपाल सरकारबाट सालवसाली वा समय समयमा अनुदान स्वरुप प्राप्त हुने रकम ।

(ख) स्वदेशी एवं विदेशी दातृ निकायबाट प्राप्त हुने रकम ।

(ग) क र ख बाट प्राप्त हुने रकमको लेखा अलग अलग राख्नु पर्नेछ ।

## १३. खाता संचालनः

१३.१. कोषको खाता सन्चालन स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाका निर्देशक र विभागले तोकेको लेखा अधिकृतबाट संचालन गरिनेछ ।

१३.२. कोषको प्रशासनिक एव अनुगमन कार्यका लागि वार्षिक अनुमानित खर्च हुने रकमको १ ( एक) प्रतिशतको परिधि भित्र रही विभागको वार्षिक वजेट तथा कार्यक्रममा विनियोजन गरि कार्य सम्पादन गर्नु पर्नेछ ।

## १४. अभिलेख राख्नु पर्ने :-

**१) प्रत्येक अस्पतालले दफा ४ वमोजिम विभागबाट प्राप्त भएको रकमको छुट्टै लेखा राख्नु पर्नेछ ।**

२) उपदफा (१) वमोजिमको विरामीको उपचार तथा खर्चको विवरण अनुसूची-२(क) को ढाँचामा सम्बन्धित अस्पतालमा अभिलेख राख्नु पर्नेछ । हेमोडायलासिस तथा पेरिटोनियल डायलासिस सेवाको अभिलेख भने अनुसूची २(ख) को ढाँचामा अलग्गै राख्नु पर्नेछ ।

**३**) सिफारिशको अभिलेख सम्वन्धित कार्यालयले अनिवार्य रुपमा राख्नु पर्नेछ र तोकिएको ढाँचामा हरेक महिना मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

४) उपचार दिने अस्पतालले विपन्न विरामीहरुको उपचार गरेको प्रतिवेदन अनुसूची-५ (क) , ५ ( ख) र ५(ग) मा उल्लेख भए बमोजिमको ढाँचामा मासिक/चौमासिक/वार्षिक रुपमा विभागमा पेश गर्नु पर्नेछ । विवरण साथ जिल्लबाट सिफारिश गरिएको पत्रको प्रति समेत संलग्न हुनुपर्ने छ ।

---

♦ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२२ को बैठकको निर्णयानुसार विदेशबाट उपचार गराएमा अस्पतालहरुको विल अनुसार मृगौला प्रत्यारोपण भएमा रु. २ (दुई) लाख र तोकिएका अन्य रोगको उपचारको हकमा रु १(एक) लाखमा नबढने गरी दफा ३.४ बमोजिमको समितिको निर्णय वमोजिम सोधभर्ना दिन सक्ने छ भन्ने शव्दहरु थप भएको ।

५) सिफारिस भई आएको र उपचार सेवा दिएको विवरणको अभिलेख विभागले राख्नु पर्नेछ । सिफारिस भई आएको र उपचार सेवा दिएको दुवैको विवरण विश्लेषण गरी सही भए,नभएको एकिन गर्नु पर्नेछ ।

६) सेवाग्राहीहरुको अभिलेख र खर्च पारदर्शी वनाउन मन्त्रालय र सेवा प्रदायक अस्पतालको वीचमा केन्द्रीकृत सूचना व्यवस्थापनका लागि सञ्जाल स्थापना गरिनेछ ।

७) कोष मार्फत भएका कार्यहरुको वार्षिक रुपमा समीक्षा गरिनेछ यस कार्यका लागि दफा १३ को उप-दफा (१३.२) वमोजिमको शीर्षकबाट खर्च गरिनेछ ।

**१५. अनुगमन व्यवस्थाः-**

विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतका चिकित्सा सेवा महाशाखा, जनस्वास्थ्य प्रशासन, अनुगमन तथा मूल्यांकन महाशाखा, स्वास्थ्य सेवा विभागका व्यवस्थापन महाशाखा र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरुको एक संयन्त्र रहनेछ ।

**१६. लेखापरीक्षणः-**

१) दफा ४ वमोजिम प्राप्त भएको रकमको खर्चको विवरण सहित प्रचलित कानून वमोजिम लेखा परीक्षण गराउनु सम्वन्धित अस्पतालको कर्तव्य हुनेछ ।

२) उप दफा (१) वमोजिमको लेखा परीक्षणको प्रतिवेदन प्रत्येक वर्षको कार्तिक मसान्त भित्र विभागमा वुझाउनु पर्नेछ । यस्तो प्रतिवेदन यथा समयमा प्राप्त नभए प्रदान गरिएको उपचार सेवा वापतको रकम सोधभर्ना रोक्का गर्न सकिनेछ ।

**१७. कारवाही हुनेः-**

यस निर्देशिका विपरित कार्य गर्ने जिल्ला जनस्वास्थ्य कार्यालय/ जिल्ला स्वास्थ्य कार्यालय, अस्पताल, अस्पताल प्रमुख तथा सम्पर्क केन्द्र प्रमुखलाई निजको सेवा शर्त सम्वन्धी प्रचलित कानून वमोजिम कारवाही हुनेछ । निजी तथा गैह्र सरकारी अस्पतालहरुको हकमा यस निर्देशिका विपरित कार्य गर्ने अस्पताललाई सोधभर्ना गर्नु पर्ने रकम रोक्का गरिनेछ  साथै मन्त्रालयले त्यस्ता अस्पताललाई सूचीबाट हटाउन सक्नेछ ।

**१८. खारेजी र बचाउः-**

यो निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ । साथै निर्देशिका लागू भएको मिति देखि यस अघि यसै प्रयोजनका अन्य कार्यविधि, निर्देशिका वमोजिम भएका कार्यहरु यसै निर्देशिका वमाजिम भएको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा ३.१ संग सम्वन्धित)

## निःशुल्क उपचार हुने रोगको विवरण

यस निर्देशिकाको प्रयोजनको लागि देहायको रोगको लागि कडा रोग भन्नाले देहाय वमोजिम सम्झनु पर्छ ।

**१. मृगौला रोग**

क. अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (ARF)

ख. दीर्धकालिन रुपमा मृगौलाले काम नगरेको (CRF)

ग. Acute Glumerulo Nephritistis and Nephritis Syndrome भएका विरामीहरुको मृर्गौला काम गर्ने छाडेपछि मात्र सेवा पाउनेछ ।

घ. मृगौला खराव भै Dialysis गर्नु पर्ने भएमा ।

ङ. मृगौला पिसावथैली, Urethra संग सम्वन्धित Operation गर्नु पर्ने भएमा ।

१.१. मृगौला रोगका लागि पाउने सुविधाहरुः माथि उल्लेखित अवस्थाको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

**२. मुटु रोगका लागि पाउने सुविधाहरु**

क. मुटुरोगको निदानका लागि आवश्यक पर्ने विशेष परीक्षणहरु जस्तै ECG,Echo cardiography, Lab tests TMT, Halter Monitoring, ABP, Angiography सवै प्रकारका शल्य चिकित्सा सुविधाहरु ।

ख. मुटु रोगको उपचारमा प्रयोग हुने औषधिहरु तथा सेवा शुल्कहरु ।

**३. सवै किसिमका क्यान्सर रोगहरुः**

३.१. क्यान्सर रोगका लागि पाउने सुविधाहरुः यस रोगको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

**४. पार्किन्सन तथा अल्जाईमर्स रोगहरुः**

यी रोगहरुको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने विभिन्न निदानात्मक परिक्षण, औषधि तथा सेवा शुल्करु ।

**५. स्पाईनल ईन्जुरी तथा हेड ईन्जुरी भएका विरामी**

:© **६. सिकलसेल एनिमिया** भएका विरामी ।

---

© नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।४।२२ को बैठकको निर्णयानुसार सिकलसेल एनिमिया भएका विरामी भन्ने शब्दहरु थप भएको ।

## नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी (प्रथम संशोधन) कार्यविधि, २०७१

### परिच्छेद-३
राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति र विपन्न नागरिकलाई उपचार खर्च तथा आर्थिक सहायता

### १२. राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिलाई औषधोपचारको आर्थिक सहायताः

१२.१. राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्ति तथा मुलुकलाई उल्लेख योगदान पुऱ्याउने व्यक्तिलाई मुटुरोग,मृगौलारोग,क्यान्सर,पार्किन्सस,अल्जाईमर्स,स्पाईनल ईन्जुरी र ♣हेड ईन्जुरी आदी जस्ता कडारोग भएको अवस्थामा मेडिकल वोर्डको सिफारिसमा प्रकरण १२.५ वमोजिमको समितिले निर्णय गरेको अवस्थामा स्वदेशमा वा विदेशमा गई उपचार गराउंदा देहायका व्यक्तिलाई सामान्यतया देहाय वमोजिमको रकममा नवढ्ने गरी औषधोपचार वापतको रकम स्वदेशको हकमा विल वमोजिमको रकम सम्वन्धित अस्पताललाई र विदेशको हकमा दुतावास मार्फत सम्वन्धित अस्पताललाई सोझै प्रदान गर्न सकिनेछः-

क) पूर्व राष्ट्रपति, पूर्व उपराष्ट्रपति, पूर्व प्रधानमन्त्रीलाइ, वढीमा १५ लाख रुपैया सम्म ।

ख) पूर्व प्रधान न्यायाधीश, पूर्व सभामूखका लागि वढीमा १० दश लाख रुपैया सम्म ।

ग) साहित्य, सङ्गीत, कला, राजनीति, सार्वजनिक प्रशासन लगायत राष्ट्रिय जीवनका अन्य क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका महत्वपूर्ण व्यक्तिलाई रोगको प्रकृति हेरी वढीमा ५ पाँचलाख रुपैया सम्म ।

१२.२. औषधी उपचार वापतको रकम उपलव्ध गराउदा स्वदेशमा उपचार गराएको भए सम्वन्धित अस्पतालको वील वमोजिमको रकमको आधारमा सम्वन्धित अस्पताललाई सोझै उपलव्ध गराउनु पर्नेछ । तर यस्तो रकम प्रकरण १२.१ को सीमा भित्र मात्र उपलव्ध गराईनेछ । त्यस्तै, विदेशमा उपचार गराएको भए प्रकरण १२.१ वमोजिमको सीमा भित्रको रकम मात्र सम्वन्धित अस्पतालको विल वमोजिमको रकम सम्वन्धित देशमा रहेको नेपाली दुतावासमा परराष्ट्र मन्त्रालय मार्फत उपलव्ध गराईनेछ ।

१२.३. प्रकरण १२.१ वमोजिमको औषधि उपचार वापत सुविधा प्राप्त गर्न सरकारी वा गैरनाफामूलक सामुदायिक अस्पतालमा उपचार गराएको हुनुपर्नेछ । सरकारी वा सामुदायिक अस्पतालमा उपचार हुन नसक्ने भएमा सम्वन्धित सरकारी अस्पतालले कारण समेत खोली रिफर गरेमा निजी अस्पतालमा उपचार गर्न सकिनेछ ।

---

♣ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।१।१९ को बैठकको निर्णयानुसार हेड इन्जुरी भन्ने शव्दहरुको सट्टामा हेड इन्जुरी आदी जस्ता कडारोग भन्ने शव्दहरु थप भएको ।

१२.४. प्रकरण १२.३. वमोजिम उपलव्ध गराउने रकम वाहेक ♣♣सामान्यतया कुनै पनि व्यक्ति विशेषलाई उपचार रकम वापत नगद दिईने छैन । व्यक्ति विशेषलाई यस सम्वन्धमा नगद रकम उपलव्ध गराउने भन्ने निर्णय जुनसुकै पदाधिकारीवाट भए त्यस्तो निर्णयबाट भुक्तानी भएको रकम निर्णय गर्ने पदाधिकारीवाट असूल उपर गरिनेछ ।

१२.५. प्रकरण १२.१ वमोजिमको आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा सिफारिस गर्न देहाय वमोजिमको एक समिति रहनेछ ।

क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

ख) सचिव, अर्थ मन्त्रालय -सदस्य

ग) सचिव, गृह मन्त्रालय -सदस्य

घ) अध्यक्ष मेडिकल वोर्ड -सदस्य

ङ) चिकित्सा महाशाखा प्रमुख, स्वा.तथा जनसंख्या मन्त्रालय -सदस्य

च) महानिर्देशक, स्वास्थ्य सेवा विभाग -सदस्य

छ) निर्देशक, व्यवस्थापन महाशाखा, स्वा.से.वि -सदस्य सचिव

१२.६. औषधि उपचार रकम भुक्तानी माग गर्दा सम्वन्धित अस्पतालले नै विरामी दर्ता देखि सम्पूर्ण विल, प्रेस्क्रिप्सन सहित स्वास्थ्य सेवा विभागमा पेश गर्नु पर्दछ ।

१२.७ औषधि उपचार तथा आर्थिक सहायता सम्वन्धी कुनै पनि प्रस्ताव मन्त्रिपरिषदमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मात्र पेश गरिनेछ ।

१२.८. स्वदेशमा उपचार गराउनेको हकमा विल प्राप्त भएपछि मात्र सम्वन्धित अस्पताललाई विभाग मार्फत रकम उपलव्ध गराईनेछ । विदेशमा उपचार गराउन जानेको हकमा उपचार गराई रहेको भन्ने प्रमाणित भएको अवस्थामा परराष्ट्र मन्त्रालय मार्फत सम्वन्धित नेपाली दूतावासमा रकम पठाईनेछ । सम्वन्धित दूतावासले रकम भुक्तानी गरेको भरपाई विभागलाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

१२.९. प्रकरण १२.१ वमोजिमको रकम अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग मार्फत उपलव्ध गराईनेछ ।

♥१२.१० माथीका प्रकरणहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष कारण जनाई मन्त्रिपरिषद्ले उचित ठानेको उपचार खर्च रकम उपलब्ध गराउन सक्ने छ ।

## १३. विरामीको विमा रकम सम्वन्धमा :-

औषधि उपचार सेवा प्राप्त गर्ने विरामीहरुले स्वास्थ्य विमा वापतको रकम प्राप्त गर्ने अवस्था रहेमा वास्तविक उपचार खर्चमा विमावाट प्राप्त हुने रकम कटाई वांकी खर्चको विल मात्र यस निर्देशिका वमोजिम प्राप्त गर्ने औषधि उपचार खर्चको लागि गणना गरिनेछ ।

---

♣♣ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।१।१९ को बैठकको निर्णयानुसार रकम बाहेक भन्ने व्यहोरा पछि सामान्यतया भन्ने शव्द थप भएको ।

♥ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।१।१९ को बैठकको निर्णयानुसार प्रकरण १२.९ पछि प्रकरण १२.१० थप गरि माथीका प्रकरणहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि विशेष कारण जनाई मन्त्रिपरिषद्ले उचित ठानेको उपचार खर्च रकम उपलब्ध गराउन सक्ने छ शव्दहरु थप भएको ।